# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या :
चलानी नं. :

बागमती प्रदेश, नेपाल
मिति: २०८२/०४/१३


### पि.पि.आर रोग फैलिने भएकोले सतर्कता अपनाउने सम्बन्धी सूचना !!!

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. १ देउरालीमा बाख्रा र भेडामा लाग्ने पि.पि.आर. (PPR-Peste des Petits Ruminants) रोग देखापरेको तथा Rapid kid Test तथा प्रयोगशाला परिक्षण गर्दा समेत Positive देखिएको हुँदा भीमेश्वर नगरपालिका भित्रका सम्पुर्ण बाख्रा र भेडापालन गर्ने किसानहरुलाई सर्तकता अपनाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पि.पि.आर रोगको परिचय (Introduction to PPR)**

पि.पि.आर आर्थिक दृष्टिकोणले अति नै नोक्सानदायी रोग हो। यसलाई बाख्राको हैजा पनि भनिन्छ। यो रोग नेपालमा सर्वप्रथम वि.सं. २०५१ सालमा सर्लाही र धनुषा जिल्लामा देखा परेको थियो तर हाल देश भरिनै फैलिएको छ।

**कारक तत्व (Etiology)**

पि.पि.आर रोग पारामिक्सोभाइरिडी फेमिली (Paramixoviridae family) अन्तर्गतको मोर्बिली भाइरस (Morbillivirus) बाट लाग्छ ।

**पि.पि. आर रोग बारे रोगका लक्षणहरु (Symptoms of PPR)**

- अत्याधिक ज्वरो आउने (१०४° देखि १०६°F सम्म)
- मुख र थुतुनोको भाग सुख्खा हुने,
- खानमा पटक्कै रुचि नदेखाउने,
- नाकबाट पानी जस्तो सिंगान बगिरहने र पीप मिसिए जस्तो पनि देखिन्छ साथै नाकका प्वालहरुको भित्र पट्टि घाउसमेत हुन सक्छ,
- गिजा, जिब्रो र मुख वरिपरि स-साना घाउ आउँने, खोरेत रोग लागेको जस्तो लक्षण देखिने र गाढा कालो र पातलो खालको दिसा गर्ने,
- शरीरमा पानीको मात्रा कम भएर अत्यधिक प्यास लाग्ने,
- ३-४ दिन पछि पशुमा निमोनिया, खोकी र श्वास-प्रश्वासको समस्या उत्पन्न हुन सक्ने,

**रोकथामका उपायहरु (Preventive Measures)**

- संक्रमित क्षेत्रबाट भेडा,बाख्राको ओसारपोसारमा नियन्त्रण गर्ने,
- खोरको मलमुत्र, सोतर नियमित सफा गरेर गाडिदिने र खोर वरिपरी निःसंक्रमणका लागि प्रयोग गरिने औषधिहरु (Vircon-s, Kohrolin TH) प्रयोग गर्ने,
- पि.पि.आर. रोगसँग मिल्दोजुल्दो लक्षण देखा परेमा तुरुन्त स्थानीय तहको पशु सेवा शाखा तथा जिल्ला स्थित पशु सेवा कार्यालयमा खबर गर्ने/गराउने,
- रोगको शंका लागेका भेडा, बाख्रालाई बथानबाट छुट्याएर राख्ने,
- मरेको भेडा, बाख्रालाई राम्रोसँग खाडलमा गाड्ने वा जलाउने(Dispose),
- स्वस्थ पशुलाई रोगी पशुको सम्पर्कमा आउँ नदिने।

थप जानकारीको लागि:-९८६२०६२५१५, ९८४४३०११६०, ९८४४२३५५५४, ९८५११४८२०२

डा. निशान्त दाहाल
पशु विकास अधिकृत

डा. निशान्त दाहाल
पशु विकास अधिकृत (सातौं)

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत